# अन्तःशुल्क फिर्ता प्रकृया सम्वन्धी निर्देशिका, २०७२

**प्रस्तावना**

अन्तःशुल्क ऐन (संशोधन सहित) २०५८ र अन्तःशुल्क नियमावली (संशोधन सहित) २०५९ ले गरेको अन्तःशुल्क फिर्ता सम्वन्धी व्यवस्थालाई सरलीकृत रुपमा कार्यान्वयन गर्नको लागि आन्तरिक राजस्व विभागले ऐनको दफा २५क को अधिकार प्रयोग गरी यो निर्देशिका जारी गरेको छ ।

**१. संक्षिप्त नाम र प्रारम्भः**

(क) यो निर्देशिकाको नाम **"अन्तःशुल्क फिर्ता प्रकृया सम्वन्धी निर्देशिका, २०७२"** रहेको छ ।

(ख) यो निर्देशिका सम्वत २०७३ वैशाख १ गतेदेखि प्रारम्भ हुनेछ ।

**२. परिभाषाः** विषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस निर्देशिकामाः-

(क) **"अन्तःशुल्क फिर्ता"** भन्नाले यस निर्देशिकाको प्रयोजनको लागि अन्तःशुल्क लाग्ने वस्तु उत्पादन गरी विदेश निकासी गर्ने उद्योगले अन्तःशुल्क लाग्ने वस्तु निकासी गरेको परिमाण उत्पादन गर्दा प्रयोग भएको कच्चा पदार्थ खरिद वा पैठारी गर्दा तिरेको अन्तःशुल्क उद्योगबाट अन्तःशुल्क लाग्ने वस्तु निष्काशन गर्दा तिर्नुपर्ने अन्तःशुल्क रकममा कट्टी गर्न पाउने र यसरी कट्टी गर्दा मिलान हुन नसकेको अन्तःशुल्क रकम फिर्ता गर्ने कार्यलाई जनाउँछ ।

(ख) **"अन्तःशुल्क अधिकृत"** भन्नाले यस निर्देशिकाको प्रयोजनको निमित्त नेपाल सरकारले तोकेको अधिकृतलाई जनाउँछ ।

(ग) **"उत्पादन"** भन्नाले अन्तःशुल्क लाग्ने वस्तु उत्पादन गर्ने, प्रशोधन गर्ने, बनाउने वा तयार गर्ने कार्यलाई जनाउँछ ।

(घ) **"उत्पादक"** भन्नाले अन्तःशुल्क लाग्ने वस्तु उत्पादन गर्ने इजाजतपत्र प्राप्त गरेको व्यक्ति, फर्म, कम्पनी वा संस्था सम्झनुपर्छ र सो शब्दले अन्तःशुल्क लाग्ने सेवा प्रदान गर्ने व्यक्ति, फर्म, कम्पनी वा संस्था समेतलाई जनाउँछ ।

(ङ) **"ऐन"** भन्नाले अन्तःशुल्क ऐन, २०५८ लाई जनाउँछ ।

(च) **"कार्यालय"** भन्नाले आन्तरिक राजस्व विभाग अन्तर्गत स्थापना भएको कार्यालय सम्झनुपर्छ र सो शब्दले अन्तःशुल्क असुल उपर गर्ने प्रयोजनको लागि नेपाल सरकारले तोकेको कार्यालय समेतलाई जनाउँछ ।

(छ) **“नियमावली”** भन्नाले अन्तःशुल्क नियमावली, २०५९ लाई जनाउँछ ।

(ज) **“विभाग”** भन्नाले आन्तरिक राजस्व विभागलाई जनाउँछ ।

(झ) **“सूर्तिजन्य पदार्थ”** भन्नाले सूर्ति वा सूर्तिजन्य पदार्थका तत्वहरु मिश्रित धुमपान गर्ने, चपाउने, मुखमा राख्ने पानमसला, गुट्खा, खैनी वा त्यस्तै पदार्थ सम्झनुपर्छ र सो शव्दले चुरोट, बिंडी, सिगारलाई समेत जनाउँछ ।

३. **फिर्ता दावी गर्नुपर्ने :**

ऐनको दफा ३ख को उपदफा ५ वमोजिम मिलान हुन नसकेको अन्तःशुल्क रकम अन्तःशुल्कको मासिक विवरणबाट फिर्ता दावी गर्नु पर्नेछ । यसरी फिर्ता दावी गर्दा सो विवरण बुझाउनुपर्ने अवधि समाप्त भएको मितिले एक वर्ष भित्र फिर्ता दावी गरी सक्नु पर्नेछ ।

४. **उत्पादनमा प्रयोग भएका वस्तुको खरिद तथा खपत सम्वन्धी विवरणः**

अन्तःशुल्क लाग्ने वस्तु उत्पादन गर्ने उद्योगले अन्तःशुल्क फिर्ता दावी गर्दा अन्तःशुल्क लाग्ने वस्तु उत्पादनमा प्रयोग भएका कच्चा पदार्थ, सहायक कच्चा पदार्थ तथा परिवेष्ठन (प्याकिङग) सामग्रीको खरिद एवं पैठारी र सो को खपत सम्वन्धी विवरण देहाय वमोजिम तयार गरी पेश गर्नुपर्नेछ ।

(क) **कच्चा पदार्थ खरिद तथा पैठारी सम्बन्धी विवरणः** अन्तःशुल्क फिर्ता दावी गर्नको लागि कच्चा पदार्थ खरिद तथा पैठारी गरेको विवरण अनुसूची- १ वमोजिमको ढाँचामा,

(ख) **कच्चा पदार्थ खपतको विवरणः** अन्तःशुल्क फिर्ता दावी गर्नको लागि निकासी भएको अन्तःशुल्क लाग्ने बस्तु उत्पादन गर्न प्रयोग भएको कच्चा पदार्थ खपतको विवरण अनुसूची-२ वमोजिमको ढाँचामा,

(ग) **सहायक कच्चा पदार्थ खपतको विवरणः** अन्तःशुल्क फिर्ता दावी गर्नको लागि सहायक कच्चा पदार्थ खपतको विवरण अनुसूची- ३ वमोजिमको ढाँचामा,

(घ) **परिवेष्ठन सामग्री (Packing Materials) खपतको विवरणः** अन्तःशुल्क फिर्ता दावी गर्नको लागि निकासी भएको अन्तशुल्क लाग्ने वस्तु प्याकिङ गर्न प्रयोग भएका परिवेष्ठन सामग्री (Packing Materials) खपतको विवरण अनुसूची- ४ वमोजिमको ढाँचामा

५. **उत्पादन लागत तथा मूल्य अभिबृद्धि सम्बन्धी विवरणः**

अन्तःशुल्क फिर्ता दावी गर्नको लागि अन्तशुल्क लाग्ने वस्तु उत्पादन गर्दा खपत भएको कच्चा पदार्थ, सहायक कच्चा पदार्थ र परिवेष्ठन (प्याकिङ) सामग्रीको लागत समावेश गरी मूल्य अभिवृद्धि गणना

गर्नुपर्दछ । यसरी उत्पादन भएका तयारी पदार्थको परिमाण र मूल्य अनुसूची- ५ वमोजिमको  ढांचामा तयार गरी सम्वन्धित कार्यालयमा पेश गर्नु पर्नेछ ।

**मुल्य अभिबृद्धि गणना गर्ने तरीकाः**

**मूल्य अभिबृद्धि % = निकासी मुल्य - (उत्पादन गर्दा खपत भएको कच्चा पदार्थको मुल्य +सहायक कच्चा पदार्थको मुल्य + परिवेष्ठन सामग्रीको मुल्य ) *100**

**(उत्पादन गर्दा खपत भएको कच्चा पदार्थको मुल्य + सहायक कच्चा पदार्थको मुल्य + परिवेष्ठन सामग्रीको मुल्य)**

## ६. तयारी वस्तु विक्रीको विवरणः

अन्तःशुल्क फिर्ता दावी गर्नको लागि उत्पादित तयारी वस्तु, स्थानीय विक्री भएको तथा निकासी गरिएको परिमाण र मूल्य खुल्ने विवरण अनुसूचि-६ वमोजिमको ढाँचामा तयार गरी सम्वन्धित कार्यालयमा पेश गर्नु पर्नेछ ।

## ७. निकासी सम्वन्धी विवरणः

अन्तःशुल्क फिर्ता दावी गर्नको लागि निकासीको विवरण अनुसूची-७ वमोजिमको ढाँचामा तयार गरी देहायमा उल्लिखित निर्यात प्रमाणित हुने कागजात एवं भुक्तानी सम्वन्धी विवरण समेत संलग्न गरी सम्वन्धित कार्यालयमा पेश  गर्नु पर्नेछ ।

**(क) निकासी प्रमाणित हुने कागजातहरुः**

अन्तःशुल्क फिर्ता दावी गर्नको लागि निकासी प्रमाणित हुने देहाय वमोजिमका कागजातहरु पेश गर्नु पर्नेछ ।

१. उत्पत्तिको प्रमाण पत्र

२. निकासी प्रज्ञापन पत्र, रसिद तथा विजक

३. विल अफ ईन्ट्री / Airway Bill/consignment note/ Transport Bill

४. बैंक मार्फत विदेशी मुद्रा भुक्तानी प्राप्तिको विवरण

**(ख) भुक्तानी प्राप्ति सम्बन्धी विवरणः**

अन्तःशुल्क फिर्ता दावी गर्नको लागि निकासी भएको अन्तःशुल्क लाग्ने वस्तु वापत प्राप्त भएको विदेशी मुद्रा सम्वन्धी विवरण अनुसूची- ८ वमोजिमको ढाँचामा तयार गरी सम्वन्धित कार्यालयमा पेश गर्नु पर्नेछ ।

८. **मौज्दातमा रहेको सामानको विवरणः**

अन्तशुल्क तिरी खरिद गरिएका कच्चा पदार्थको मौज्दातको विवरण अनुसूची-९ वमोजिमको ढाँचामा तयार गरी सम्बन्धित कार्यालयमा पेश गर्नु पर्नेछ ।

९. **अन्तःशुल्क फिर्ता प्रकृयाः**

(क) अन्तःशुल्क फिर्ता सम्बन्धी कार्य आन्तरिक राजस्व बिभागले तोकेका कार्यालयबाट मात्र गरिनेछ ।

(ख) अन्तःशुल्क फिर्ता माग गरेका उद्योगहरुको विवरण करदाता सेवा शाखाबाट प्राप्त गर्नु पर्नेछ ।

(ग) अन्तःशुल्क फिर्ता दावी ठीक भए नभएको एकिन गर्न अन्तःशुल्क अधिकृतले उद्योगले पेश गरेका विवरणहरु लगायतका प्रमाणहरुको आधारमा अन्तःशुल्क फिर्ता दावीको छानविन तथा परीक्षण गर्नु पर्नेछ । यसरी परीक्षण गर्दा सूर्तिजन्य र मदिराजन्य पदार्थ तथा पानमसलाको निकासीमा १५ प्रतिशत मूल्य अभिवृद्धि भएको हुनुपर्नेछ । सो वमोजिम मूल्य अभिवृद्धि भएको र अन्तःशुल्क फिर्ता दावी गरिएको रकम मध्ये फिर्ता पाउने ठहरेको रकम निवेदन प्राप्त भएको ६० दिन भित्र फिर्ता दिनु पर्नेछ र फिर्ता नपाउने भएमा सम्बन्धित उद्योगलाई फिर्ता दावी अस्वीकृत भएको जानकारी दिनु पर्नेछ ।

(घ) अन्तःशुल्कको छानविन तथा परीक्षण गर्दा अन्तःशुल्क ऐन २०५८ को दफा ३क(५) अनुसार सहायक कच्चा पदार्थ र परिवेष्ठन सामग्री (Packing Material) मा तिरेको अन्तःशुल्क कट्टि गरे नगरेको वा फिर्ता दावी गरे नगरेको एकिन गर्नु पर्नेछ । अन्तःशुल्क ऐन र नियमावली वमोजिम अन्तःशुल्क निर्धारण गर्नुपर्ने देखिएमा अन्तःशुल्क निर्धारण गर्नु पर्नेछ ।

(ङ) अन्तःशुल्क छानविन तथा परीक्षण गर्दा अन्तःशुल्क निर्धारण हुने भएमा निर्धारण भएको अन्तःशुल्क रकम फिर्ता माग गरेको अन्तःशुल्क रकममा घटाई बांकी अन्तःशुल्क रकम फिर्ता दिनु पर्नेछ ।

(च) ऐनको दफा ३ख को उपदफा ६ बमोजिम फिर्ता गरिने अन्तःशुल्क रकम रु २०,०००।०० (बीस हजार रुपैया) भन्दा बढी भएमा सम्बन्धित उद्योगको बैंक खातामा एकाउन्टपेयी चेकबाट जम्मा हुने गरी भुक्तानी गर्नु पर्नेछ ।

(छ) अन्तःशुल्क फिर्ता परीक्षण सम्पन्न भैसकेपछि परीक्षण प्रतिवेदन र अन्य कागजातको पञ्जिका तयार गरी फाइल बनाउनु पर्नेछ ।

१०. सम्वत् २०७२ साल असार २८ गतेसम्म निकासी गरी कट्टा गर्दा मिलान हुन नसकेको अन्तःशुल्क रकम सोही मिति सम्म उद्योग विभागमा फिर्ता दाबी गरेकाको हकमा अन्तःशुल्क अधिकृतले छानबीन तथा परीक्षण गरी माथि उल्लिखत प्रक्रिया बमोजिम फिर्ता गर्नु पर्नेछ ।

# अनुसूचीहरु

## अनुसूची १

## कच्चा पदार्थ खरिद तथा पैठारी सम्बन्धी विवरण

क. करदाताको नामः
ख. स्थायी लेखा नंः
ग. कारोवारको किसिमः
घ. इजाजत नंः
ङ. नवीकरण मितिः

| क.सं. | वीजक/ प्रज्ञापन पत्र नं | मिति | कच्चा पदार्थको | | आपूर्तिकर्ताको नाम र ठेगाना | आपूर्तिकर्ताको स्थाई लेखा नं. | खरिद/पैठारी मूल्य | खरिद/पैठारीमा तिरेको अन्तःशुल्क रकम | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|
| | | | नाम | परिमाण | | | | | |
| | | | | | | | | | |
| | | | | | | | | | |

**म माथि उल्लेखित कारोवार बास्तविक भएको प्रमाणित गर्दछु ।**

**नाम**
**हस्ताक्षरः** ............................
**पदः**

## अनुसूची २

## कच्चा पदार्थ खपतको विवरण

क. करदाताको नामः
ख. स्थायी लेखा नंः
ग. कारोवारको किसिमः
घ. इजाजत नंः
ङ. नवीकरण मितिः

| क.सं. | कच्चा पदार्थ | शुरु मौज्दात | | खरिद/पैठारी | | कुल जम्मा | | खपत | | अन्तिम मौज्दात | | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | परिमाण | मूल्य | परिमाण | मूल्य | परिमाण | मूल्य | परिमाण | मूल्य | परिमाण | मूल्य | |
| | | | | | | | | | | | | |
| | | | | | | | | | | | | |
| | | | | | | | | | | | | |

**म माथि उल्लेखित कारोवार बास्तविक भएको प्रमाणित गर्दछु ।**

**नाम**
**हस्ताक्षरः** ............................
**पदः**

## अनुसूची ३

### सहायक कच्चा पदार्थको शुरु मौज्दात, खरिद/पैठारी एवं खपतको विवरण

क. करदाताको नामः
ख. स्थायी लेखा नंः
ग. कारोवारको किसिमः
घ. इजाजत नंः
ङ. नवीकरण मितिः

| क.सं. | सहायक कच्चा पदार्थ | शुरु मौज्दात | | खरिद/पैठारी | | कुल जम्मा | | खपत | | अन्तिम मौज्दात | | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | परिमाण | मूल्य | परिमाण | मूल्य | परिमाण | मूल्य | परिमाण | मूल्य | परिमाण | मूल्य | |
| | | | | | | | | | | | | |
| | | | | | | | | | | | | |
| | | | | | | | | | | | | |

**म माथि उल्लेखित कारोवार बास्तविक भएको प्रमाणित गर्दछु।**

**नाम**
**हस्ताक्षरः** ............................
**पदः**

## अनुसूची ४

### परिवेष्ठन सामाग्री (Packing Materials) को शुरु मौज्दात, खरिद/पैठारी खपतको विवरण

क. करदाताको नामः
ख. स्थायी लेखा नंः
ग. कारोवारको किसिमः
घ. इजाजत नंः
ङ. नवीकरण मितिः

| क.सं. | परिवेष्ठन सामग्री | शुरु मौज्दात | | खरिद/पैठारी | | कुल जम्मा | | खपत | | अन्तिम मौज्दात | | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | परिमाण | मूल्य | परिमाण | मूल्य | परिमाण | मूल्य | परिमाण | मूल्य | परिमाण | मूल्य | |
| | | | | | | | | | | | | |
| | | | | | | | | | | | | |
| | | | | | | | | | | | | |

**म माथि उल्लेखित कारोवार बास्तविक भएको प्रमाणित गर्दछु।**

**नाम**
**हस्ताक्षरः** ............................
**पदः**

## अनुसूची ५

## कच्चा पदार्थ, सहायक कच्चा पदार्थ र परिवेष्ठन सामग्री (Packing Materials) खपतको विवरण

क. करदाताको नामः
ख. स्थायी लेखा नंः
ग. कारोवारको किसिमः
घ. इजाजत नंः
ङ. नवीकरण मितिः

| कच्चा पदार्थ खपत | | सहायक कच्चा पदार्थ खपत | | परिवेष्ठन सामग्री खपत | | कुल लागत | कुल उत्पादन | कैफियत |
|---|---|---|---|---|---|---|---|---|
| परिमाण | मूल्य | परिमाण | मूल्य | परिमाण | मूल्य | मूल्य | परिमाण | |
| | | | | | | | | |
| | | | | | | | | |
| | | | | | | | | |
| | | | | | | | | |

**म माथि उल्लेखित कारोवार बास्तविक भएको प्रमाणित गर्दछु।**

**नाम**
**हस्ताक्षरः** ...........................
**पदः**

## अनुसूची ६

## तयारी वस्तु (Finished goods) विक्रीको विवरण

क. करदाताको नामः
ख. स्थायी लेखा नंः
ग. कारोवारको किसिमः
घ. इजाजत नंः
ङ. नवीकरण मितिः

| क.स. | वस्तु | शुरु मौज्दात | | उत्पादन | | कुल जम्मा | | स्थानीय विक्रि | | निकासी विकी | | अन्तिम मौज्दात | | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | परिमाण | मूल्य | परिमाण | मूल्य | परिमाण | मूल्य | परिमाण | मूल्य | परिमाण | मूल्य | परिमाण | मूल्य | |
| | | | | | | | | | | | | | | |
| | | | | | | | | | | | | | | |
| | | | | | | | | | | | | | | |

**म माथि उल्लेखित कारोवा बास्तविक भएको प्रमाणित गर्दछु।**

**नाम**
**हस्ताक्षरः** ............................
**पदः**

## अनुसूची ७

## निकासी सम्बन्धी विवरण

क. करदाताको नाम:
ख. स्थायी लेखा नं:
ग. कारोवारको किसिम:
घ. इजाजत नं:
ङ. नवीकरण मिति:

| सि. नं. | विजक | | प्रज्ञापन पत्र | | Bill of Entry/ Airway Bill /consignment note/ Transport Bill नं र मिति | निकासी हुने पार्टीको | | निकासी भएको | |
|---|---|---|---|---|---|---|---|---|---|
| | नं. | मिति | नं. | मिति | | नाम | मुलुक | वस्तु | मूल्य |
| | | | | | | | | | |
| | | | | | | | | | |
| | | | | | | | | | |
| | | | | | | | | | |

जम्मा

**म माथि उल्लेखित कारोवार बास्तविक भएको प्रमाणित गर्दछु।**

**नाम**
**हस्ताक्षरः** ............................
**पदः**

## अनुसूची ८

## भुक्तानी प्राप्तिको विवरण

क. करदाताको नाम:
ख. स्थायी लेखा नं:
ग. कारोवारको किसिम:
घ. इजाजत नं:
ङ. नवीकरण मिति:

| सि. नं. | भुक्तानी पठाउने पार्टीको नाम | भूक्तानी प्राप्त बैंकको नाम | | | भुक्तानीको प्रकिया | | भुक्तानी प्राप्त रकम | | | Export | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | नाम | रेफरेन्स नं. | मिति | L/C | Advance Payment | अन्य | विदेशी मुद्रा | नेपाली रुपैंया | pp no | विदेशी मुद्रा | नेपाली रुपैंया | Balance Foreign currency |
| | | | | | | | | | | | | | |
| | | | | | | | | | | | | | |
| | | | | | | | | | | | | | |

**म माथि उल्लेखित कारोवार बास्तविक भएको प्रमाणित गर्दछु।**

**नाम**
**हस्ताक्षरः** ............................
**पदः**

## अनुसूची ९

## कच्चा पदार्थ मौज्दातको विवरण

क. करदाताको नामः
ख. स्थायी लेखा नंः
ग. कारोवारको किसिमः
घ. इजाजत नंः
ङ. नवीकरण मितिः

| सिं नं. | वस्तु/सेवाको नाम | परिमाण | इकाई | खरीद/आयात मूल्य | खरीद/आयातमा तिरेको अन्तःशुल्क | कैफियत |
|---|---|---|---|---|---|---|
| | | | | | | |
| | | | | | | |
| | | | | | | |
| | | | | | | |
| | | | | | | |
| | | | | | | |
| | जम्मा | | | | | |

**म माथि उल्लेखित कारोवार बास्तविक भएको प्रमाणित गर्दछु।**

**नाम**
**हस्ताक्षरः** ...........................
**पदः**